


विलाप
तर यर्मिया केही पनि गरेनन् ।
तपाईँ हामीसित बेबिलोनमा आउन सक्नुहुन्छ ।
परमेश्वरले तपाईँलाई भन्नुभएको वचनको बारेमा मैले सुनेको छु । ती सबै पूरा हुन आएका छन् । म तपाईँलाई लानेछु र सुरक्षित राख्नेछु ।
अँ हँ, तर तपाईँको कृपाको लागि धन्यवाद ।
त्यसो भए, तपाईँ मिस्पामा गदल्याहकहाँ जानुहोस् ।
यहूदामा छोडिएकाहरूमाथि तिनी राज्यपाल नियुक्त गरिएका छन् ।
त्यसपछि, यरूशलेम सहरको लागि विलापको पुस्तक लेखियो ।
“मानिसहरूले भरिएको सहर अब कस्तो सूनसान भयो ।”
“एकपल्ट रानी जस्तै थियो, तर अब दास भएको छ ।”
“त्यसका शत्रुहरू अब उनका मालिकहरू भएका छन् ।”
“त्यसका सन्तानहरू कैदमा लगिएका छन्”।
“त्यसको धनमाथि त्यसको शत्रुले हात हालेको छ ।”
“परमप्रभुले त्यसको वासस्थानलाई निर्जन बनाइ दिनुभयो र त्यसको भेट गर्ने ठाउँ नष्ट पार्नुभयो ।”
“उहाँले राजा र पूजाहारी दुवैलाई तिरष्कार गर्नुभयो ।”


"परमप्रभुले आफ्नो क्रोध खन्याउनुभएको छ ।"
"हे, परमप्रभु हाम्रो सम्झना गर्नुहोस् र हाम्रो निन्दा हेर्नुहोस् ।"
"हे, परमप्रभु, हामीलाई फर्काउनुहोस् र नयाँ तुल्याउनुहोस् ।"
"मैले कष्ट देखेको छु" ।
"म मेरो फिरन्तेपनलाई सम्झिन्छु र मेरो प्राण हताश भएको छ ।"
"तापनि, मेरो स्मृतिले मलाई आशा दिन्छ" ।
"परमप्रभुको महान् प्रेमले गर्दा हामी नष्ट भएका छैनौँ" ।
"परमप्रभुले सधैँको निम्ति फाल्नुहुन्न" ।
"हे, परमप्रभु, खाडलको गहिराइदेखि मैले तपाईँको नाउँको पुकारा गरेँ ।"
"मैले तपाईँलाई पुकारा गर्दा तपाईँ मेरो नजिक आउनुभयो र भन्नुभयो, "नडरा"
यर्मिया आफ्ना देशवासीहरूसित बस्नका निम्ति मिस्पामा गए ।
केही समयपछि, राज्यपाल गेदल्याहको हत्या गरियो ।
यस घटनाले त्यस क्षेत्रमा झन् बढी अशान्ति मच्चियो ।
सान्त्वनाको वचन खोजी गर्दै मानिसहरू यर्मियाकहाँ आए ।
परमप्रभु भन्नुहुन्छ, नडरा ! परमप्रभुले तिमीहरूलाई यहाँ सुरक्षित राख्नुहुनेछ !
तर, तिनीहरू जो मिश्रमा भागे, तिनीहरूले लडाइँ, भोक र महामारी भोग्नुपर्नेछ !
मानिसहरू मिश्रतिर भागे ।


मिश्रमा चाँडै नै तिनीहरूले अन्य देवताहरूलाई पूजा गर्न थाले ।
के तिमीहरूले बिर्स्यौं !
तिमीहरूले अन्य देवताहरूलाई पूजा गरेर के पायौ ?
हाम्रो देश रित्तो उजाडस्थान भएको छ !
तिमीहरूले यहाँ पनि यही गर्‍यौ !
हामी तिम्रो कुरा सुन्दैनौँ, यर्मिया !
अनि स्वर्गकी रानीलाई धूप बाल्न र भेटी चढाउन पनि रोक्ने छैनौँ !
म तिमीहरूलाई विश्वास गर्छु ।
यहूदा बेबिलोनको हातमा गयो र तिमीहरूको नयाँ घर मिश्र पनि जानेछ !
मिश्रमा बस्ने यहूदाकाहरू सबै नष्ट हुनेछन् ।
यो तिमीहरूका निम्ति चिह्न हुनेछ : फारो होप्रा नबुकदनेस्सरको हातमा सुम्पिइनेछ --
--जसरी सिदकियाह सुम्पिइएको थियो !
तिनको नाउँ यर्मिया थियो : विलाप गर्ने अगमवक्ता ।
तिनी अनिश्चयता र उथलपुथलको समयमा बाँचेका थिए ।
साम्राज्यहरू उदय भयो र पतन भयो । अगुवाहरू आए र गए ।
तर, यर्मिया आफ्नो मिशन र परमेश्वरको अपरिवर्तनीय सन्देशप्रति सच्चा रहे ।